मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

## हरितालिका (तीज), २०७९ को शुभकामना

स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदी बहिनीमा महान एवं पवित्र पर्व हरितालिका तीजको पावन अवसरमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धार्मिक, सांस्कृतिक एवं सामाजिक महत्व बोकेको यो पर्व भाद्र शुक्लपक्ष तृतीयाका दिन मनाउने प्रचलन छ । यस पर्वमा महिलाले उपवास बसी भगवान शिवको पूजा गर्नुका साथै परिवारको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै मनाउने परम्परागत मान्यता छ ।

आफन्त एवं दिदीबहिनी जम्मा भएर गीत/संगीत एवं नाचगानका साथ मनाइने यस पर्वले समग्र नेपाली समुदायको मौलिक परम्परा र सांस्कृतिक महत्वको पक्षलाई उजागर गर्दै आएको छ । लैंगिक विभेदको आवाज बुलन्द गर्ने र सामाजिक समानता र अधिकार स्थापित गर्नका लागि सशक्त माध्यमका रुपमा यस पर्वलाई लिने गरिएको छ ।

मौलिक र सांस्कृतिक पक्षलाई कायम राख्दै सामाजिक विभेदलाई चिर्न यो पर्व सफल हुने विश्वासका साथ पुन शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९ भदौ १४

कृष्णचन्द्र नेपाली पोखरेल